**Tribhuvan University Journal**
**Vol. 38, No. 1: 200-211, June, 2023**
**Research Directorate, Tribhuvan University (TU),**
**Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/tuj.v38i01.56218**

# *शिरीषको फूल* र *डापी* उपन्यासमा अस्तित्ववादी निस्सारता

***श्रीधर न्यौपाने***

*उपप्राध्यापक, पृथ्वीनारायण क्याम्पस, त्रिवि, पोखरा*
*इमेल : shree.neupane@prnc.tu.edu.np*

Received date: 27 Feb 2023 – Accepted date: 5 June 2023

## लेखसार

प्रस्तुत लेख पारिजातद्वारा लिखित *शिरीषको फूल* र ध्रुवचन्द्र गौतमद्वारा लिखित *डापी* उपन्यासको अस्तित्ववादी जीवनदृष्टिको मूलभूत मान्यता निस्सारताका कोणबाट गरिने तुलनात्मक अध्ययनमा केन्द्रित रहेको छ । *शिरीषको फूल* र *डापी* उपन्यासमा अस्तित्ववादी निस्सारताको अभिव्यक्ति किन गरिएको हो भन्ने शोध्यप्रश्नको समाधानका लागि यी दुई उपन्यासको तुलनात्मक अध्ययन गरिने उद्देश्य यस अध्ययनमा राखिएको छ। स्वतन्त्र निर्णय गर्दै अस्तित्वका लागि प्रयत्नशील मानिसले भोग्नुपरेका अनपेक्षित परिणाम, अभावजस्ता समस्याका कारण उसमा जीवनप्रति निरर्थकताको अनुभूति हुन्छ भन्ने मान्यता अस्तित्ववादी निस्सारताको रहेको छ । विवेच्य यी दुई उपन्यासका प्रमुख पात्रहरू सकमबरी, सुयोगवीर र विक्रमले अस्तित्वका लागि प्रयत्न गरिरहँदा भोग्नुपरेका अनपेक्षित परिणामका कारण निस्सारताको अनुभूति गरेको कुरालाई विषयबद्ध गरिएको छ । बहुसत्यमा विश्वास गरिएको यो गुणात्मक अध्ययनमा तत्त्वमीमांसा, ज्ञानमीमांसा र मूल्यमीमांसाका बीचमा समन्वय कायम गरिएको छ। पाठ विश्लेषण पद्धतिको अवलम्बन गरिएको यस अध्ययनमा उपन्यासका साक्ष्यका आधारमा निस्सारताको विश्लेषण गरिएकाले निगमनात्मक शोधविधि अवलम्बन गरिएको छ। अस्तित्वका लागि प्रयत्नशील मानिसले भोग्नुपर्ने समस्याका कारण उसमा जीवनप्रति निस्सारताको अनुभूति हुन्छ भन्ने लोकका लागि उपयोगी ज्ञानको सञ्चार यी दुई उपन्यासले गरेका छन् भन्ने निष्कर्ष यस अध्ययनको रहेको छ। अस्तित्ववादी निस्सारताको मर्मअनुकूल निर्मित उपकरणका आधारमा यी दुई उपन्यासका बीचमा गरिएको तुलना नवीन, मौलिक र प्राज्ञिक दृष्टिले महत्त्वपूर्ण रहेकाले अन्य अध्येताका लागि उपयोगी हुनु यस अध्ययनको उपलब्धि रहेको छ ।

**शब्दकुञ्जी :** अनपेक्षित, अभाव, निरर्थकता, निस्सारता, स्वतन्त्रता ।

## विषयपरिचय

आधुनिक नेपाली उपन्यासपरम्परामा सार्वजनिक भएका पारिजात (१९९४-२०५०) र ध्रुवचन्द्र गौतम (२०००) ले पाश्चात्य चिन्तनपरम्परामा विकसित अस्तित्ववादी

जीवनदर्शनलाई गहन रूपमा अभिव्यक्त गरेका छन् । २०२२ मा *शिरीषको फूल* उपन्यासका माध्यमबाट नेपाली उपन्यासका क्षेत्रमा प्रवेश गरेकी पारिजातले दशओटा उपन्यास प्रकाशन गरेकी छन् । आफ्नो उपन्यास लेखन यात्राको पहिलो चरणका उपन्यासमा अस्तित्ववादी जीवनदृष्टिलाई घनीभूत रूपमा अभिव्यक्त गरेकी पारिजातले पछिल्लो चरणका उपन्यासमा भने प्रगतिवादी लेखनकलालाई समेत अवलम्बन गरेको देखिन्छ । यसैगरी २०२४ मा *अन्त्यपछि* उपन्यासका माध्यमबाट नेपाली उपन्यासमा सार्वजनिक भएका ध्रुवचन्द्र गौतमका हालसम्म अट्ठाइस ओटा उपन्यास प्रकाशित भइसकेका छन् । समाजमा देखिएका विकृति, विसङ्गतिप्रति तीखो व्यङ्ग्य गर्ने कुशल उपन्यासशिल्पीका रूपमा उनी परिचित छन् । आफ्ना प्रत्येक उपन्यासलाई नवीन ढङ्गले प्रस्तुत गर्न रुचाउने 'आविष्कारी आख्यानकार' गौतमले आरम्भदेखि नै अस्तित्ववादी जीवनदृष्टिलाई अभिव्यक्त गर्दै आएका छन् ।

जीवनजगत्का व्यापक पक्षलाई आख्यानात्मक रूपमा प्रस्तुत गरिने बृहत् आकारको गद्यमय नवीन साहित्यिक विधा उपन्यासका माध्यमबाट पारिजात र ध्रुवचन्द्र गौतमले अस्तित्ववादी निस्सारतालाई गहन रूपमा अभिव्यक्त गरेका छन् । मानिसले अस्तित्वका लागि स्वतन्त्र निर्णय गर्दै जीवनमा सक्रिय रहँदा भोग्नुपर्ने अनपेक्षित परिणतिका कारण उसमा निस्सारताको बोध हुन्छ भन्ने मान्यता अस्तित्ववादी निस्सारताको रहेको छ । यी दुई उपन्यासमा मूलतः प्रमुख पात्रले अस्तित्वका लागि गरेका प्रयत्न व्यर्थ बन्दा निस्सारताको बोध गरेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरेको देखिन्छ । विवेच्य उपन्यासहरूमा अस्तित्ववादी निस्सारताको अभिव्यक्ति भएको जानकारी पूर्वकार्यको अध्ययनबाट प्राप्त भएको तर त्यसका कोणबाट गरिने तुलनात्मक अध्ययनको रिक्तता देखिएको छ । तसर्थ *शिरीषको फूल* र *डापी* उपन्यासमा अस्तित्ववादी निस्सारताको अभिव्यक्ति किन गरिएको भन्ने शोधप्रश्नको समाधान गर्ने उद्देश्य यस अध्ययनमा राखिएको छ । अस्तित्ववादी निस्सारताको मर्मअनुरूप निर्मित उपकरणका आधारमा यी दुई उपन्यासको तुलना गरी गरिएको यो अध्ययन नवीन, मौलिक र प्राज्ञिक दृष्टिले महत्त्वपूर्ण रहेकाले औचित्यपूर्ण देखिन्छ। अस्तित्ववादी निस्सारताका कोणबाट यी दुई उपन्यासको तुलनात्मक अध्ययन गरिनु यस अध्ययनको क्षेत्र रहेको छ । अस्तित्ववादी निस्सारताका कोणबाट यी दुई उपन्यासको विश्लेषण गर्नाका निम्ति निर्मित उपकरणहरूमा अभावजन्य परिस्थिति, स्वतन्त्रताको पीडा र अनपेक्षित परिणाम रहेका छन् । अस्तित्वका लागि प्रयत्नशील मानिसले अनेक अभावको सामना गर्दा, उत्तरदायित्वलाई वहन गर्नुपर्दा तथा अनपेक्षित परिणामको सामना गर्दा निस्सारताको अनुभूति गरेको हुन्छ । गुणात्मक अनुसन्धान र बहुसत्यमा आधारित यस अध्ययनमा शोधदर्शनका बीचमा समन्वय कायम गरिएको छ । निगमनात्मक शोधविधि, तुलनात्मक अध्ययनविधि र पाठ विश्लेषण पद्धतिको अवलम्बन गरिएको यस अध्ययनका लागि आवश्यक सामग्री पुस्तकालयबाट सङ्कलन गरिएको छ ।

अस्तित्वका लागि प्रयत्नशील मानिसले भोग्नुपरेका समस्याका कारण उसले जीवनप्रति निस्सारताको अनुभूति गरेको हुन्छ भन्ने मान्यताको अभिव्यक्तिका निम्ति *शिरीषको फूल* र *डापी* उपन्यासमा अस्तित्ववादी निस्सारता प्रस्तुत गरेको देखिन्छ । मानिसले अस्तित्वका लागि प्रयत्नशील रहँदा भोग्नुपर्ने अभावजन्य परिस्थिति, स्वतन्त्रताजन्य पीडा र अनपेक्षित परिणामका कारण उसमा निस्सारताको अनुभूति हुन्छ भन्ने लोकोपयोगी ज्ञान यी दुई उपन्यासले सञ्चार गरेका छन् भन्ने निष्कर्ष यस अध्ययनको रहेको छ । अस्तित्ववादी निस्सारताको आशयअनुरूप निर्मित उपकरणका आधारमा गरिएको यो तुलनात्मक अध्ययन प्राज्ञिक दृष्टिले महत्त्वपूर्ण हुनु यस अध्ययनको उपलब्धि रहेको छ ।

## अध्ययनविधि

बहुसत्यमा आधारित गुणात्मक अनुसन्धानका रूपमा प्रस्तुत अध्ययन रहेको छ । अभावजन्य परिस्थिति, स्वतन्त्रताको पीडा र अनपेक्षित परिणामका कारण अस्तित्वशील मानिसमा निस्सारताको अनुभूति हुन्छ भन्ने कुरालाई सत्य ठानिएकाले यी यस अध्ययनका तत्त्वमीमांसाका रूपमा रहेका छन् । तत्त्वमीमांसामा सत्य ठानिएका कुरालाई उपन्यासका साक्ष्यका आधारमा व्याख्याविश्लेषण गरी ज्ञान निर्माण गरिनु ज्ञानमीमांसा र ती सत्यलाई समान महत्त्व दिनु यस अध्ययनको मूल्यमीमांसाका रूपमा रहेको छ । अस्तित्ववादी निस्सारताका कोणबाट दुई उपन्यासको तुलना गरी निष्कर्ष निकालिएकाले तुलनात्मक अध्ययनविधिको उपयोग यस लेखमा गरिएको छ । विवेच्य उपन्यासका साक्ष्यका आधारमा दाबीलाई पुष्टि गरिएकाले निगमनात्मक शोधविधि र पाठ विश्लेषण पद्धतिको अवलम्बन गरिएको यस अध्ययनका लागि आवश्यक प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको सङ्कलन पुस्तकालय र ईपुस्तकालयबाट गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

पाश्चात्य चिन्तन परम्परामा विकसित आधुनिक जीवनदर्शन अस्तित्ववादले मानव जीवन निरर्थक, निस्सार मान्दै यस्तो जीवनमा नै मानिसले आफ्नो अस्तित्वका लागि निरन्तर प्रयत्न गर्नुपर्छ भन्ने मान्यता राखेको छ । ईश्वरीय सत्तालाई सर्वोच्च महत्त्व दिने देकार्त र हेगेलको मतको प्रतिवाद गर्दै किर्केगार्डले मानव स्वतन्त्रता र उत्तरदायित्वलाई सर्वोच्च महत्त्व दिँदै यस दर्शनको प्रारम्भ गरेका हुन् । यस दर्शनलाई व्यापक बनाउनका लागि हाइडेगर, सार्त्र, कामुको गहन भूमिका रहेको देखिन्छ । यो संसार, समाज र समाजका मूल्यमान्यताको केही अर्थ छैन भन्ने कुराको चेतनाले नै मानिसलाई निस्सारताको विन्दुमा पुऱ्याएको हुन्छ । यस्तो अवस्थामा रहेको मानिसले आफूलाई बनाउनका लागि घृणा, पश्चात्ताप र निषेधको सामना गर्नैपर्छ (Sartre n.d., p. 17) । जब मानिसमा रिक्तताको बोध हुन थाल्छ तब उसमा आफू केही हुने कुराप्रति सचेतता देखा पर्छ । जन्म र मृत्युको कुनै कारण नभएको मानिसले आफ्नो जीवनमा रिक्तताको बोध गरेको हुन्छ (रुबिचेक, सन्

१९७३, पृ. १२३) । यही रिक्तताको बोध पश्चात् चित् भविताको सक्रिय भएपछि नै मानिस अस्तित्वका लागि सक्रिय बनेको हुन्छ । स्वतन्त्र निर्णय गर्ने छुटका कारण मानिसले जीवनमा अनेक समस्या र अभावको सामना गर्नुपर्छ । आफूलाई बनाउनका लागि स्वतन्त्र निर्णय गरेको मानिसले जिम्मेवारी वहन गर्नैपर्छ (Sartre 1957/2011, p. n. d.) । आफ्नो मूल्यका लागि स्वतन्त्र निर्णय गर्दै सक्रिय रहेको मानिसले जीवनमा अभावजन्य परिस्थितिको सामना गर्नुपर्दा उसमा जीवनप्रति नै निस्सारताको भाव जागृत हुने भएकाले स्वतन्त्रता चिन्ता, पीडा र समस्याको कारक हो भन्ने मान्यता अस्तित्ववादी जीवनदृष्टिको रहेको छ ।

अस्तित्वशील मानिसले अनपेक्षित परिणामका कारण जीवनजगत्प्रति नै निस्सारताको बोध गरेको हुन्छ । आनन्दको खोजीमा लागेको मानिसले विसङ्गतिको सामना गर्दा उसमा जीवनजगत्प्रति नै निस्सारता छाउँछ (प्रधान सन् १९७१, पृ. ७९) । विसङ्गतिका सामु आत्मसमर्पण गर्ने मानिसले आफूलाई बनाउन सक्दैन । मानिसले आफूलाई बनाउनका लागि विसङ्गतिका विरुद्ध सङ्घर्ष गर्नुपर्छ (त्रिपाठी २०३०/२०४९, पृ. १९९) । आफू बन्ने प्रक्रियामा असफल बन्दा मानिसमा निस्सारताको भाव जागृत भएको हुन्छ । यसो भए पनि मानिसले नाइँ भन्ने सामर्थ्यको विकास गर्दै विसङ्गतिका विरुद्ध विद्रोह गर्नुपर्छ (Camus 1956/1991, p. n. d.) । मानिसले जति प्रयत्न गर्दा पनि आफू बन्ने प्रक्रियालाई पूर्णता प्रदान गर्न सक्दैन, सिसिफसले जस्तै असफलता भोग्नैपर्छ । यही असफलताका कारण नै उसले निरर्थक जीवन बाँच्नुको कुनै प्रयोजन देखेको हुँदैन (पाण्डे २०६२, पृ. ९०) । जीवनको प्रयोजनहीनताका कारण नै मानिसमा निस्सारताको भाव सिर्जना हुन्छ । विसङ्गत र निरर्थक जीवनलाई समाप्त गर्नु पराजयलाई स्वीकार गर्नु भएकाले आस्तित्वका लागि मानिसले विद्रोह गर्नुपर्छ (सक्सेना र मिश्र सन् १९८८, पृ. २४२) । स्वाभाविक रूपमा जीवन निरर्थक र निरुद्देश्य छ । यसो भए पनि मानिसले आफै उद्देश्य लिएर जीवनलाई अर्थ दिने प्रयत्न गर्नुपर्छ (शर्मा सन् १९९३, पृ. १०३) । उद्देश्य निर्धारण गरी जीवनमा सक्रिय रहँदा मानिसले प्रशस्त चिन्ता, पीडाको सामना गर्नुपर्दा नै उसमा निस्सारता जन्मिन्छ । चिन्तालाई बेवास्ता गरे आफैलाई गुमाउँछ (Solomon 1974/2005, p. 2) । आफूलाई बनाउने प्रक्रियामा संलग्न रहँदा नै मानिसमा चिन्ता, पीडा, निराशा, जीवनप्रतिको निस्सारताको भावना देखिएको हुन्छ । निष्प्रयोजनीय जीवनमा जिम्मेवारी वहन गर्दा भोग्नुपर्ने एक्लोपना मानिसका लागि अथाह खतराजनक हुन्छ (Grene 1948, p. 99) । वरण स्वतन्त्रताको अवसर प्राप्त गरेको मानिसले त्यसलाई उपयोग गर्दै आफूलाई बनाउने यात्रामा सक्रिय रहँदा आइपर्ने अभावजन्य परिस्थिति, अनपेक्षित परिणाम, उत्तरदायित्व वहनको अनिवार्यताका कारण उसमा निस्सारताको भाव जागृत भएको हुन्छ ।

दुई कृतिका बीचमा रहेका समानता र असमानताको निर्क्योल गर्नु तुलनात्मक अध्ययन हो । व्यतिरेकी अध्ययनका क्रममा भिन्न कृतिका बिचमा रहेका भिन्नताका बारेमा स्पष्ट किटान गरिन्छ (बन्धु २०५२, पृ. ७२) । दुई भिन्न लेखकले एकै प्रवृत्तिलाई आधार

बनाई लेखेका कृतिमा पनि भिन्नता रहेका हुन्छन् । तुलनात्मक अध्ययनमा दुवै साहित्यका सामाजिक, राजनीतिक, धार्मिक, सांस्कृतिक पक्षलाई आधार बनाइन्छ (अधिकारी २०६६, पृ. ६६) । परिवेश, विषय र प्रस्तुतिका आधारमा दुई कृतिका बीचमा रहेका समानता र असमानतका बारेमा तुलना गरिन्छ ।

## अस्तित्ववादी निस्सारताका कोणबाट *शिरीषको फूल* र *डापी* उपन्यासको तुलना

*शिरीषको फूल* र *डापी* उपन्यासमा अस्तित्ववादी जीवनदृष्टिअन्तर्गतको निस्सारतालाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ । अनपेक्षित परिणामका कारण यी दुई उपन्यासका प्रमुख पात्रले भोग्नुपरेका समस्याका कारण उनीहरूमा निस्सारताको भाव जागृत भएको कुरालाई प्रस्तुत गरेको  देखिन्छ । विवेच्य दुवै उपन्यासका पात्रहरू अस्तित्वप्रति सचेत रहेका र त्यसमा समस्या आएका कारण जीवनलाई व्यर्थ ठानेको विषयलाई आख्यानसँग आबद्ध गरिएको छ । अभावजन्य परिस्थिति, स्वतन्त्रताको पीडा र अनपेक्षित परिणामजस्ता उपकरणका आधारमा विवेच्य उपन्यासको तुलनात्मक अध्ययन यहाँ गरिएको छ ।

## अभावजन्य परिस्थिति

मानिसले आफ्नो जीवनमा अभावजन्य परिस्थितिको सामना गर्नुपर्दा जीवनप्रति नै निस्सारताको भाव व्यक्त गरिरहेको हुन्छ भन्ने कुरालाई *शिरीषको फूल* उपन्यासकी प्रमुख पात्र सकमबरी (बरी) द्वारा व्यक्त विचारले पुष्टि गरेको देखिन्छ । जवानीलाई रित्याउँदै गएकी चौबिस बर्से बरीले प्रेमलाई सार्थक पार्ने विषयमा सफल बनेको देखिँदैन । हरेक वर्ष आइपर्ने जन्मदिनलाई व्यर्थ ठान्ने यस पात्रले मृत्युलाई महत्त्व दिनुले निस्सारतालाई पुष्टि गरेको छ । "उसले निहुँ पाई 'के काम बाँच्ने ? बूढाबूढी भइन्ज्याल किन  बाँच्ने ? शिव ! तपाईं आशिष् दिन जान्नुहुन्न, समयमा मर भन्नुपर्छ । के छोप्न बाँच्ने" (पारिजात २०२२/२०५८, पृ. १९) ? बरीले प्रेमका विषयमा भोग्नुपरेको समस्याले नै उसमा जीवनप्रति वितृष्णाभाव जागृत भएको देखिन्छ । नैराश्यवादी अन्तर्वस्तुका कारण यो उपन्यास लोकप्रिय बनेको छ (बराल २०६४, पृ. २४१) । आफ्नो जीवनका उर्वर क्षणलाई एक्लै बिताउनुपर्दा पीडित बन्नु, चुरोटको अम्मल गर्नु तथा  पैँचालिस बर्से सुयोगवीर (सुयोग) आफूप्रति आकर्षित हुनुजस्ता कुराले बरीमा जीवनप्रति निस्सारताको भाव जागृत गराएको देखिन्छ । जीवन घर्किँदै जाँदा पनि प्रेमका विषयमा भोग्नुपरेका अभावजन्य परिस्थितिले बरीमा जीवनप्रति निस्सारताको भाव सिर्जना गरेको देखिन्छ ।

जीवनलाई सफल बनाउने एक महत्त्वपूर्ण विषय प्रेमको अभावका कारण मानिसमा जीवनप्रति नै निस्सारताको भाव जागृत भएको हुन्छ भन्ने कुरालाई *शिरीषको फूल* उपन्यासमा प्रमुख पात्र सुयोगका माध्यमबाट व्यक्त गरेको देखिन्छ । आफ्नो जीवनको

उत्तरार्धमा भेटिएकी अपेक्षित पात्र बरीले गरेको उपेक्षाका कारण उसले पीडाको अनुभूति गरेको छ । सुयोगवीर र सकमबरीको प्रेम निस्सार, निरर्थक र निराधार देखिएको छ (राई २०३१/२०५०, २०७) । बुढो, सिपाही, रक्स्याहा, चुरोट बढी खाने, उमेर घर्केकाले छिटो बिहे गर भन्ने बरीका अभिव्यक्तिले सुयोगले बरीसँग प्रेम गर्न सक्दैन भन्ने कुरालाई सिद्ध गरेको देखिन्छ । सेनामा जागिर खाँदा थुप्रै युवतीसँग यौनसम्बन्ध राखेको, रक्सीचुरोटको अम्मली, डेरामा एक्लै बस्ने यस पात्रमा चारित्रिक दुर्बलता रहेको छ । यसो भए पनि जीवन जिउने अपेक्षाअनुरूप बरीप्रति आकर्षित भए पनि त्यो सार्थक नहुँदा उसमा जीवनप्रति वितृष्णाभाव जागृत भएको देखिन्छ । जीवनको उत्तरार्ध, पारिवारिक रिक्तता, प्रेममा असफलता, एक्लोपनको अनुभूतिजस्ता अभावजन्य परिस्थितिले नै उसमा जीवनप्रति निस्सारभाव देखिएको छ ।

> निस्सार जन्मेकी तिमी, तिमीले मलाई निस्सार छोडिराख्यौ । अब तिमी शिवलाई आत्महत्या गर्न बाध्य गराउने भयौ । मेरी सकमबरी ! अब मलाई शरीरभरि खोपेर हिंड्न मन लागेको छ, जीवन असफलता हो, यो जीवन दुर्भाग्य हो, मानिस यसै पनि दुःखी छ, उसै पनि दुःखी छ । सधैंको रित्तो हात, रित्तो मन फर्कन अभ्यस्त मान्छे म रित्तै फर्कें । (पारिजात २०२२/२०५८, पृ. ६५)

बरीलाई प्राप्त गर्ने अपेक्षा स्वरूप उसप्रति आकर्षित हुनु, बरीले उपेक्षा गर्नु, बरीलाई चुम्बन गर्नु तर त्यसकै पीडाका कारण बरीको मृत्यु हुनुले यसले प्रेम प्राप्तिको अपेक्षा पूर्ण हुने सम्भावना नरहेकाले नै यस पात्रमा जीवनप्रतिको निस्सारताको अनुभूति भएको छ ।

*शिरीषको फूल* उपन्यासका पात्रमा निस्सारताभाव जागृत गराउने विषय प्रेम रहेको छ भने *डापी* उपन्यासमा आर्थिक अभाव रहेको छ । *डापी* उपन्यासको प्रमुख पात्र विक्रमले डापीटोलमा बसेर पारिवारिक जिम्मेवारी वहन गर्दा प्रशस्त समस्या भोग्नुपर्दा निस्सारता अनुभूति गरेको कुरालाई आख्यानसँग आबद्ध गराइएको छ । मूलतः आर्थिक समस्याको पीडामा ऊ रन्थनिन बाध्य भएको छ । "दुःख, भय, अन्योल, असङ्गतिसँग सङ्घर्ष गर्न बाध्यड विक्रमले जीवनको निरर्थकतालाई अनुभूत गरेको छ" (गौतम २०६०, पृ.४७) । पैतृक सम्पत्तिबाट वञ्चित हुनु, भाइ हरिले ऋण बोकाएर पठाउनु, बाआमा र बहिनीहरूको जिम्मेवारी वहन गर्नु तथा डेरामा गुजारा गर्न बाध्य हुनुजस्ता समस्या यस पात्रमा आइपरेका छन् । "अभावले लस्तपस्त भएका मात्र हुन्, अभाव ठाँटिएको र बलियो नवयुवककैँ उभिएको छ- बाटै छेकेर । कतै जान खोज, कलर समाएर पछार्छ" (गौतम २०३३/२०६४, पृ. २७४) । बुबाको उपचार गर्न नसक्नु, बीनूसँग बिहे गर्न नसक्नु, घर बनाउन नसक्नु, बहिनीहरूको बिहे गर्न नसक्नुजस्ता उपन्यासमा वर्णित सन्दर्भले विक्रमको अभावजन्य परिस्थितिलाई प्रतिबिम्बित गरेको देखिन्छ । उपन्यासको आद्यान्त आर्थिक जटिलतासँग सङ्घर्ष गर्नुपर्दा विक्रमले निस्सारताको अनुभूति गरेको देखिन्छ ।

## स्वतन्त्रताको पीडा

*शिरीषको फूल* उपन्यासमा बरीले सुयोगलाई आफ्नो परिचय दिने निर्णय गरेका कारण उसमा निस्सारताको बोध भएको देखिन्छ । दिदी मुजुरा र बहिनी सानीले कुनै प्रतिक्रिया नदिएका तर ऊ भने बुलेट पड्केको आवाजमा आफ्नो परिचय दिनु नै उसका लागि पीडा, समस्या, जीवनप्रतिको व्यर्थता र अन्ततः मृत्युवरण गर्नुपर्ने कारक बनेको देखिन्छ । सिपाही छँदा थुप्रै युवतीहरूलाई खेलाइसकेको, डेरामा बस्ने, अविवाहित, बेकम्मा भएर डुलिरहने, रक्सीचुरोट सेवन गर्ने, कर्मविहीन सुयोगका सामु बरीले दिएको अभिव्यक्ति नै सुयोगलाई आकर्षित गर्ने कारक बनेको छ । बरीको रूप, पहिरन, कपाल, मोटाइ, चुरोट सेवनका बारेमा चासो राख्ने र सुधार्नका लागि उपदेश दिने प्रवृत्तिले सुयोग बरीप्रति आकर्षित छ भन्ने कुरालाई प्रतिबिम्बित गरेको छ । "आवेशमा आएर मैले उसको सेतो गर्धन अँठ्याएर उसको कमलो ओठमा म्वाइँ खाइदिएँ" (पारिजात २०२२/२०५८, पृ. ५१) । सुयोगले मुजुरा, सानीलाई यस्तो हर्कत नगरी बरीप्रति नै आशक्त हुनुको कारण बरीले परिचय दिने निर्णय नै रहेको देखिन्छ। उमेर, रुचि केही नमिल्ने पात्रका सामु आफ्नो परिचय दिने निर्णयका कारण बरीमा जीवनप्रति नै निस्सारताको अनुभूति भएको देखिन्छ ।

*शिरीषको फूल* उपन्यासको पात्र सुयोगले शिवराजको घरमा जाने निर्णय गरेपश्चात् भोग्नुपरेका समस्याका कारण जीवनप्रति नै निस्सारताको अनुभव गरेको कुरालाई आख्यानसँग सम्बद्ध गराइएको छ । शिवको घरमा प्रवेश गरेपश्चात् त्यहाँ देखिएका उसका तीनजना बहिनीहरूमध्ये बरीप्रति विकसित यसको आकर्षण नै पीडाको कारण बनेको देखिन्छ । बरीका उपेक्षायुक्त अभिव्यक्ति सुयोगका लागि जीवनप्रति व्यर्थताबोध गराउने कारक बनेको देखिन्छ । "डेरामा कसले पकाइदिन्छ तपाईंलाई ? भान्से राख्नुभएको होला, मीठो लाग्छ के ? बिहा गर्नुस्, अब बूढो भइसक्नुभयो" (पारिजात २०२२/२०५८, पृ. १३) । रित्तिन लागेको आफ्नो जीवनमा पूर्णता प्रदान गर्न सक्ने सामर्थ्य बरीमा छ भन्ने कुराको बोध गर्दै सुयोग बरीतिर आशक्त भइरहनुले समस्या सिर्जना गरेको देखिन्छ। आफूले स्वाभाविक ठानेकी पात्र बरी भने सुयोगप्रति आशक्त छैन, मात्र सहानुभूति प्रकट गर्छे भन्ने कुरालाई उसले व्यक्त गरेका विचारले पुष्टि गरेको देखिन्छ। सुयोग शिवको आग्रहलाई स्वीकार गरी उसको घरमा जाने निर्णय गरेपश्चात् बरीप्रति आशक्ति देखाउनु, बरीले उपेक्षा गर्नुजस्ता समस्याका कारण उसमा जीवनप्रति नै निस्सारताको बोध भएको देखिन्छ ।

*शिरीषको फूल* उपन्यासमा बरीले सुयोगका सामु आफ्नो परिचय दिने र सुयोगले बरीप्रति रुचि देखाउने निर्णय तथा *डापी* उपन्यासमा विक्रमले आफ्नो अस्तित्वका लागि गरेका निर्णय जीवनप्रति निस्सारताको भाव जागृत गराउने कारकका रूपमा रहेको देखिन्छ। व्यक्तिले गरेको स्वतन्त्र निर्णयका कारण पीडाको सामना गर्नुपर्दा जीवनप्रति नै निस्सारताको भाव जागृत भएको हुन्छ भन्ने मान्यतालाई *डापी* उपन्यासको दृष्टिकेन्द्रीय पात्र विक्रमले डापीटोलमा बस्ने, बीनूसँग जीवन बिताउने तथा 'कखग' पात्रका विरुद्ध विद्रोह गर्ने

निर्णयका कारण भोग्नुपरेका समस्याका माध्यमबाट व्यक्त गरिएको छ । यसले गरेका निर्णयका कारण नै एकपछि अर्को समस्याको सामना गर्न बाध्य भएको छ । डापीटोलमा बस्ने निर्णयपश्चात् यस पात्रले आर्थिक र भयग्रस्त समस्याको सामना गर्न बाध्य भएको छ । आर्थिक समस्याका कारण प्रेमिका बीनूसँग बिहे गर्न नसकेको, पछि बीनूलाई स्वीकार गर्ने निर्णयका कारण अनेक समस्याको सामना गर्नुपर्दा विक्रममा जीवनप्रति निस्सारताको अनुभूति भएको छ । डापीटोलका प्रभुत्वशाली 'कखग' पात्रलाई कमजोर बनाउनका लागि गरिएका प्रयत्न विफल बन्दै गएका अवस्थामा विक्रममा निराशाको अनुभूति भएको छ । 'कखग' पात्रबाट प्रताडित डापीबासीलाई न्याय दिन नसक्नु, 'कखग' पात्रलाई परास्त गर्ने प्रयत्न सफल नहुनु, आफ्नै पत्नी बीनू 'कखग' पात्रका निकट बनिरहनुजस्ता समस्याका कारण विक्रमले निस्सारताको बोध गरेको देखिन्छ । "मेरो जीउभरि कहालीलाग्दो खाल्डैखाल्डो लपक्कै टाँस्सिएको छ, जसले आफ्नै उमेर नाघ्न पनि अत्यास लाग्ने । एउटा अत्यासलाग्दो गल्लीबाट घस्रिनु पो भएको छ त अब बाँच्नु भनेको" (गौतम २०३३/२०६४, पृ. २७३) । विक्रममा जीवनप्रतिको वितृष्णाभाव सिर्जना गर्ने प्रमुख कारण आफैले गरेको निर्णय नै रहेको देखिन्छ । डापीटोलमा बस्ने निर्णय गरेका कारण नै उसमा आर्थिक, पारिवारिक, भयजस्ता समस्याको सामना गर्नुपर्दा उसले जीवनलाई निस्सार, निरर्थक ठानेको कुरालाई यस उपन्यासको विषयवस्तु बनाइएको छ ।

## अनपेक्षित परिणाम

*शिरीषको फूल* उपन्यासकी प्रमुख पात्र बरीले अनपेक्षित परिणामको सामना गर्नुपर्दा जीवनलाई नै व्यर्थ, निस्सार ठानेकी छ भन्ने कुरालाई उसका क्रियाव्यापारले स्पष्ट पारेको देखिन्छ । बरी एक्लै बाँचेर जीवनको निस्सारता र निष्प्रयोजनलाई अर्थ्याएकी छ (प्रधान २०३७/२०५२, पृ. ३४६) । उमेरले चौबिस वसन्त पार गरेकी, अविवाहित, चुरोट सेवन गरिरहने बानी परेकी पात्रका रूपमा बरी उपन्यासमा वर्णित छ । बाँच्नु र मर्नुलाई अर्थयुक्त नदेख्ने बरीले जीवनको निस्सारतालाई बोध गरेकी छ (सुवेदी २०५३/२०६४, पृ. ३३७) । विद्रोही स्वभावकी बरीले अस्वाभाविक ढङ्गले आफ्नो परिचय दिनु, सुयोगका बारेमा अस्वाभाविक टिप्पणी गर्नु, सुयोगका अपेक्षा विपरीत दशओटा चुरोट खानु, केश मुण्डन गर्नुले ऊ बरीको अपेक्षित पात्र होइन भन्ने कुरालाई पुष्टि गरेको छ । यस्तो पात्रले गरेको चुम्बन नै उसको जीवनको अन्त्यको कारक बनेको छ (पाण्डे २०६४, पृ. २०७-२०८) । सुयोगले चुम्बन गर्नु बरीका लागि थप पीडा, चिन्ता र निराशा सिर्जना गर्ने विषय बनेको देखिन्छ । "बरी खान्छे, बोल्छे, सुत्छे तर बिरामी छे । शिवराजले बरीको निम्ति कति उपायहरू गरिरहेको छ तर सबै निरर्थक सिद्ध भएका छन्" (पारिजात २०२२/२०५८, पृ. ६२) । स्वास्थ्यको सुधारका लागि बरीलाई मधेस र काठमाडौँ गराउने शिवको प्रयासलाई बरीले व्यर्थ ठानेकी छ भन्ने कुरा उसको स्वास्थ्यमा सुधार नआउनुले पुष्टि गरेको छ । बरीको रोगको कारक सुयोग नै हो । शिवराजको साथीका रूपमा घरमा भित्रिएको पात्रले

गरेको घृणित क्रियाकलापको सिकार ऊ बनेकी छ । चुम्बनको विषयलाई तन्काउनु आफ्नै अस्मितामा थप दाग लाग्ने अनुभूत गर्दै भित्रभित्रै कुण्ठित बनेकी, रोगी बनेकी र अन्ततः मृत्युवरण गर्नुले जीवनप्रतिको निरर्थकतालाई बोध गराएको छ । प्रेम गर्ने योग्यता, क्षमता र पात्रताका अभावका कारण यस उपन्यासका पात्र असङ्गत अवस्थामा पुगेका हुन् (बराल २०३९/२०५८, पृ. ४२) । उमेर र आचरणका कारण बरी र सुयोगका बिचमा प्रेम असम्भव देखिएको छ भने बरी र शिवराजका बिचमा सम्बन्धका कारण प्रेम असम्भव देखिएको छ । सुयोगका क्रियाकलाप बरीका लागि अनपेक्षित भएकाले नै दाजु शिवराजले समेत उसलाई बचाउन गरेका प्रयत्न व्यर्थ बनेका घटनाले उसमा जागृत जीवनप्रतिको व्यर्थतालाई स्पष्ट पारेका छन् ।

*शिरीषको फूल* उपन्यासमा सुयोगले अनपेक्षित परिणाम भोग्नुपर्दा जीवनप्रति नै व्यर्थताको अनुभूति गरेको कुरालाई विषयबद्ध गरिएको छ । सेनामा छँदा नै युवतीहरूलाई विचल्लीमा पारेको सुयोगले सेवानिवृत्त जीवन पनि निराशाजनक ढङ्गले व्यतीत गरेको छ । शिवराजको घरमा जाने कुरालाई स्वीकार गरेपछि नै उसमा जीवनप्रति सकारात्मक चिन्तन विकसित भएको देखिन्छ । अर्थ खोजे पनि जीवनमा निरर्थकता र निस्सारता भोगेको सुयोग न सन्तुष्ट न त पलायन नै हुन सकेको छ (पाण्डे २०६२, पृ. १०९) । आफ्ना कर्मले खलपात्रको परिचय बनाएको सुयोगले बरीसँग निकट बनी आफ्नो एक्लो, असहाय, बेकम्मा जीवनलाई पुनर्जीवन दिने प्रयत्नमा अस्तित्ववादी जीवनदृष्टि अभिव्यञ्जित भएको छ । यही अपेक्षाले बरीप्रति निकट बन्ने प्रयत्न गर्नु, बरीका बारेमा ख्याल गरिरहनुले यस कुरालाई प्रमाणित गरेको छ । बरी भने सुयोगका कुनै कुरालाई सकारात्मक रूपमा नलिनु नै उसका लागि पीडाजन्य विषय बनेको देखिन्छ । “म उसलाई अँगाल्न झम्टन्छु, ऊ विरोध गर्दै घचेट्छे । म उसलाई अँठ्याउन असमर्थ हुन्छु, मलाई पछारेर ऊ जान्छे” (पारिजात २०२२/२०५८, पृ. ३६) । सुयोगले सबल बन्ने प्रयत्न गर्दा बरीले दुर्बल पात्रका रूपमा चित्रण गरेकी छ । सुयोगलाई बुढो, सिपाही, रक्स्याहा, चुरोट बढी खाने, अपराधीजस्ता शब्दले अपमानित गर्ने र आफ्नो आग्रहलाई अस्वीकार गर्ने बरीको प्रवृत्ति सुयोगका लागि चिन्ताको विषय बनेको देखिन्छ । आफूले अपेक्षा गरेभन्दा भिन्न बरीका क्रियाकलाप नै सुयोगका लागि पीडा, चिन्ता, एक्लोपना र निराशालाई थप विकसित गराउने कारकका रूपमा रहेको कुरा स्पष्ट भएको छ ।

*शिरीषको फूल* उपन्यासमा बरीले अपेक्षा नगरेको पात्र सुयोगले गरेका क्रियाकलाप र सुयोगलाई बरीले उपेक्षा गरिरहने प्रवृत्ति तथा *डापी* उपन्यासमा विक्रमले अनपेक्षित पारिवारिक जिम्मेवारी वहन गर्नु र 'कखग' पात्रसँग प्रतिवाद गर्नुपर्ने परिस्थितिका कारण जीवनप्रति निस्सारतको अनुभूति गरेको देखिन्छ । अस्तित्वका लागि प्रयत्नशील मानिसले भोग्नुपरेका अनपेक्षित परिणामका कारण उसमा जीवनप्रतिको निस्सारताभाव जागृत हुन्छ भन्ने मान्यतालाई *डापी* उपन्यासमा प्रमुख पात्र विक्रमले गरेको अनुभवका माध्यमबाट व्यक्त

गरेको देखिन्छ । भाइ हरिले आर्थिक सहयोग गर्नुको सट्टा उल्टो बाआमा, बहिनीहरू र ऋणको भारीसमेत बोकाएर पठाउनुजस्ता समस्या यस पात्रका अपेक्षा विपरीत रहेका छन् । पत्नी बीनूले 'ग' पात्रसँग विकास गरेको निकटता, जेठो छोरो कायर बन्नु, सानो छोरो 'ग' पात्रका निकट बन्नुजस्ता अनपेक्षित परिणाम विक्रममा जीवनप्रति निस्सारताभाव जागृत गराउने कारक बनेका छन् । घरका गोप्य कुरा तुरुन्तै 'कखग' पात्रसम्म पुग्नुले विक्रममा आफ्नो कोही नभएको र एक्लो भएको अनुभूतिमा निस्सारता अभिव्यञ्जित भएको छ । "लाग्छ, एक्लो र सहायताविहीन दुनियाँमा ऊ निःशस्त्र फ्याँकिएको छ, प्रकट छ, लड्न । यसै बिन्दुबाट एउटा निरर्थक भय आँकुरा लाग्न थाल्छ, रूख बन्न थाल्छ, आकाशनिर्मित हुन थाल्छ, भन्नुस् कि कतै गए पनि त्राण छैन" (गौतम २०३३/२०६४, पृ. १९१) । विक्रमले अस्तित्वका लागि जे प्रयत्न गर्छ त्यहाँ अनपेक्षित परिणामको सामना गर्न बाध्य भएका कारण नै उसमा जीवनप्रतिको निस्सारताभाव जागृत भएको हो । टोलका प्रभुत्वशाली ' कखग' पात्रका विरुद्ध विद्रोहका क्रममा विक्रमले अनपेक्षित परिणामको सामना गर्न बाध्य भएको छ । प्रेम र भीमबहादुरबाट 'कखग' पात्रलाई परास्त गरी डापीवासीलाई मुक्त गर्ने उसको प्रयत्न विफल बनेको छ । 'कखग' पात्रलाई परास्त गरी डापीटोलमा आफ्नो अस्तित्व सुरक्षित गर्ने प्रयत्नमा सक्रिय रहेका अवस्थामा भोग्नुपरेका असफलताका कारण विक्रम पीडित बनेको छ । डापीटोलमा बस्न थालेपछि 'कखग' पात्रलाई परास्त नगरुन्जेल यसले गरेको सङ्घर्षले अस्तित्वशीलतालाई नै बोध गराएको छ । यस क्रममा मूलतः आर्थिक, पारिवारिक र सामाजिक समस्याको सामना गर्न बाध्य हुँदा नै यस पात्रमा जीवनप्रति निरर्थकताको अनुभूति भएको देखिन्छ ।

## निष्कर्ष

आधुनिक नेपाली उपन्यासपरम्परामा सार्वजनिक भएका *शिरीषको फूल* र *डापी* उपन्यासमा अस्तित्ववादी जीवनदृष्टिअन्तर्गतको मूलभूत प्रतिमान निस्सारताको गहन अभिव्यक्ति भएको देखिन्छ । अस्तित्वका लागि प्रयत्नशील मानिसले भोग्नुपर्ने अभावजन्य परिस्थिति, स्वतन्त्रताको पीडा र अनपेक्षित परिणामका कारण मानिसले जीवनलाई निस्सार ठानिरहेको हुन्छ भन्ने अस्तित्ववादी जीवनदृष्टिको मान्यतालाई यी दुई उपन्यासमा अभिव्यक्त गरेको देखिन्छ । यी दुई उपन्यासका पात्रले गरेको स्वतन्त्र निर्णयका कारण निस्सारताको अनुभूति गरेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरिनु यी दुई उपन्यासका बिचमा पाइने समानता हुन् । यसका साथै जीवनका असङ्गत पक्ष, अनपेक्षित परिणाम र अभावजन्य परिस्थितिका कारण पात्रले निस्सारताको बोध गरेको कुरामा पनि यी दुई उपन्यासमा समानता देखिन्छ । यसै गरी फरकफरक अभावका विषयका कारक यी दुई उपन्यासका पात्रमा निस्सारताको भाव जागृत भएको देखिन्छ । *शिरीषको फूल* उपन्यासमा प्रेमको अभाव र *डापी* उपन्यासमा आर्थिक अभावका कारण पात्रमा निस्सारता देखिएको छ । प्रेमका लागि अयोग्य पात्रको उपस्थितिका कारण *शिरीषको फूल* उपन्यासकी पात्र बरीमा

तथा पारिवारिक एवम् सामाजिक समस्याका कारण *डापी* उपन्यासको पात्र विक्रममा निस्सारता भाव जागृत हुनुजस्ता कुरामा पनि यी दुई उपन्यासमा असमानता पाइन्छ । *शिरीषको फूल* उपन्यासमा बरीले अनपेक्षित परिणामका कारण र सुयोगले अपेक्षित पात्रको अप्राप्तिका कारण निस्सारताको बोध गरेका छन् भने डापीमा विक्रमले परिवार र 'कखग' पात्रबाट भोग्नुपरेका समस्याका कारण जीवनप्रति निस्सारताको बोध गरेको कुरालाई नाटकीकरण गरिनु पनि यी दुई उपन्यासमा पाइने असमानता रहेका छन् । फरक विषयका माध्यमबाट यी दुई उपन्यासमा अस्तित्ववादी निस्सारताको गहन अभिव्यक्ति भएको देखिन्छ । अस्तित्वका लागि प्रयत्नशील रहँदा अभावजन्य परिस्थिति, स्वतन्त्रताको पीडा, अनपेक्षित परिणामका कारण मानिसमा जीवनप्रति निस्सारताको अनुभूति हुन्छ भन्ने लोकोपयोगी ज्ञान यी दुई उपन्यासले सञ्चार गरेका छन् भन्ने निष्कर्ष यस अध्ययनको रहेको छ । अस्तित्ववादी निस्सारताको मर्मअनुरूप निर्मित उपकरणका आधारमा दुई उपन्यासको तुलना गरिएको यो अध्ययन नवीन, मौलिक र प्राज्ञिक दृष्टिले महत्त्वपूर्ण हुनु तथा अन्य अध्येताका लागि उपयोगी हुनु यस अध्ययनको उपलब्धि रहेको छ ।

## कृतज्ञताज्ञापन

प्रस्तुत लेख "ध्रुवचन्द्र गौतमका उपन्यासमा अस्तित्ववाद" शीर्षकमा केन्द्रित रही विद्यावारिधि अध्ययनका क्रममा तयार पारिएको हो । उक्त अध्ययनका क्रममा विद्वत्वृत्ति र प्राज्ञिक परामर्शका निम्ति विश्वविद्यालय अनुदान आयोग नेपालप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, इन्द्रविलास (२०६६), *तुलनात्मक साहित्य : सङ्क्षिप्त परिचय,* ललितपुर : साझा प्रकाशन ।

गौतम, कृष्ण (२०६०), नेपाली उपन्यास-परम्परामा एक नौलो आयाम डापी, *आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम,* खुमनारायण पौडेल (सम्पा.). नेपाल : चितवन वाङ्मय प्रतिष्ठान ।

गौतम, ध्रुवचन्द्र (२०३३/२०६४), *डापी,* (तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०३०/२०४९), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २,* (तेस्रो संस्क.), पुलचोक : साझा प्रकाशन ।

पाण्डे, ज्ञानू (२०६२), *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद,* काठमाडौँ : नेपाली आख्यान समाज ।

पाण्डे, भवानीप्रसाद (२०६४), *पारिजातका उपन्यासमा समाजवादी यथार्थवाद,* काठमाडौँ : अल्टिमेट मार्केटिङ (प्रा.) लि. ।

पारिजात (२०२२/२०५८), *शिरीषको फूल* (बाह्रौँ संस्क.), पुलचोक : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०३७/२०५२), *नेपाली उपन्यास र उपन्यासकार* (तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

प्रधान, मच्छिन्द्र (सन् १९७१), अस्तिवाद : परिचयन, *वार्ताहरू*, कुमार प्रधान (सम्पा.). दार्जिलिङ : नेपाली साहित्य परिषद् ।

बन्धु, चूडामणि (२०५२), *अनुसन्धान तथा प्रतिवेदन लेखन*, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

बराल, ईश्वर (२०३९/२०५८), *आख्यानको उद्भव*, (दोस्रो संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०६४), *साहित्य र समाज*, ललितपुर : साझा प्रकाशन ।

राई, इन्द्रबहादुर (२०३१/२०५०), *नेपाली उपन्यासका आधारहरू* (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

रुबिचेक, पल (सन् १९७३), *अस्तित्ववाद : पक्ष और विपक्ष*. प्रभाकर माचवे (अनु.), न्यु दिल्ली : मध्य प्रदेश हिन्दी ग्रन्थ एकेडेमी ।

शर्मा, रामविलास (सन् १९९३), *नयी कविता और अस्तित्ववाद*, नयी दिल्ली : राजकमल प्रकाशन ।

सक्सेना, लक्ष्मी र मिश्र, सभाजीत (सन् १९८८), *अस्तित्ववाद के प्रमुख विचारक*, भोपाल : मध्यप्रदेश हिन्दी ग्रन्थ अकादमी ।

सुवेदी, राजेन्द्र (२०५३/२०६४), *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति* (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

Camus, A. (1956/1991). *The rebel*. Anthony Bower (trans.). First vintage international edition.

Grene, M. (1948). *Dreadful freedom.* The university of Chicago press.

Sartre, J. P. (n. d.). *Being and nothingness*. Hazel E. Barnes (trans.). University of Colorado.

Sartre, J. P. (1957/2011). *Existentialism and human emotions*. New York : Philosophical library.

Solomon, R. C. (1974/2005). *Existentialism*. (2nd ed.). New York : Oxford university press.